**उपभोक्ता समितिले आयोजना सम्झौता गर्न आउँदा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सम्झौता गर्दा देहाय बमोजिम कागजात पेश गर्नुपर्नेछः

१. आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारहरु वा लाभग्राही समुदायको आम भेलाबाट उपभोक्ता समिति गठन सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि

२. प्रस्तावित आयोजनाको निर्माण कार्य वा सेवा कार्य जनसहभागितामा गर्ने सम्बन्धमा उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि

३. उपभोक्ता समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपि

४. उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

५. खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय

६. योजना सञ्चालन हुने स्थलको फोटो

७. लागत सहभागितको रकम उपभोक्ता समितिको खातामा जम्मा गरेको भौचर (६०/४० लागत साझेदारीमा सञ्चालन हुने योजनाको हकमा)

८. उपभोक्ता समितिको कार्यसम्पन्न गर्ने समयावधि सहितको कार्यतालिका।

**फरफारकका लागि नगरपालिकामा देहायको कागजातहरु पेश गर्नु पर्नेछः**

क. उपभोक्ता समितिको कार्य सम्पन्नको निर्णयको प्रतिलिपि,

ख. वडा कार्यालयको सिफारिस पत्र,

ग. योजना सञ्चालन भईरहेको अवस्था झल्कने र कार्य सम्पन्न भएपश्चातको फोटो,

घ. नापी किताव,कार्य सम्पन्न प्राविधिक प्रतिवेदन,

ङ. बिल भरपाई

च. डोर हाजिरी (समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षले प्रमाणित गरेको)

छ. योजना हस्तान्तरण फारम,

ज. आयोजना सूचना पाटीको फोटो,

झ. सार्वजनिक परीक्षण सहितको विवरण,

ञ. योजना अनुगमन समितिको निर्णयको प्रतिलिपि।